# बारबर्दिया नगरपालिकाको "बालि तथा पशु पन्छी बीमा घुम्ति कोष संचालन कार्यबिधि २०७७"

नगरकार्यपालिकाबाट स्वीकृत मिति २०७७/३/४

बारबर्दिया नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

जयनगर, बर्दिया

प्रदेश नं ५, नेपाल

नगर प्रमुख

Scanned with CamScanner

नगर प्रमुख

नगरकार्यपालिकाबाट स्वीकृत मिति २०७७/३/४

# बारबर्दिया नगरपालिकाको बालि तथा पशु पन्छी बीमा घुम्ति कोष संचालन कार्यबिधि २०७७

## प्रस्तावना

बालि कृषि तथा पशु पालन व्यवसायमा भएका जोखिमहरु कम गरि व्यवसाय तर्फ कृषकहरुलाई आकर्षण गर्न र कृषि क्षेत्रमा नीजि तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवस्यक भएको छ । यो आवस्यकता लाई सम्बोधन गर्न नेपाल सरकारले बाली तथा पशुधन बिमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका २०६९ (मिति २०७३/०४/०१ मा परिमार्जन गरिएको) जारी भई सकेको छ । बाली अन्तरगत विभिन्न खाद्यान बालि, तरकारी बालि,फलफूल तथा नगदे बालि र पशु पन्छी तथा माछा पालनमा यो कार्यबिधिले ओगट्ने छ ।बालि तथा पशु पन्छी बिमा घुम्ति कोषको मूख्य उद्देश्य लगाएको बाली तथा पशु पन्छी पालन व्यवसाय लाई व्यवस्थित, मर्यादित बनाउन र भविष्यमा हुनसक्ने जोखिम लाई न्युनिकरण गर्नु साथै हुन सक्ने क्षतिलाई छिटो छरितो रुपमा क्षतिपुर्ति प्रदान गर्नु हो ।खेतीपाती तथा पशु पन्छी पालन व्यवसायमा आवद्ध कृषकले बिमा गरिएको तरकारी खेती, खाद्यात्र बाली, फलफुल वाली तथा नगदे बाली र पशु पन्छी पालन तर्फ गाई/भैंसी, भेडा, बाखा, बंगुर, कुखुरा (पन्छी), माछाको भविष्यमा क्षति/मृत्यु हुन गएमा १ हप्ता भित्र क्षतिपूर्ति उपलब्ध गराउन बान्छनिय भएकोले बारबर्दिया नगरपालिका नगरकार्यपालिकाले यो कार्यबीधि बनाई लागु गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यबीधिको नाम "बारबर्दिया नगरपालिकाको बालि तथा पशु पन्छी बीमा घुम्तिकोष संचालन कार्यबिधि २०७७" रहेको छ ।

ख) यो कार्यबिधि नगरकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. उद्देश्यः यस कार्यबीधिको उद्देश्य देहाय बमोजिम रहेकोछः

क) कृषकहरुको कावु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक खेती तर्फ आकर्षित गर्न सहयोग गर्ने ।

ख)कृषिको व्यवसायीकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले माछा, पशुपंक्षी र कृषि उपजम गरेको लगानीलाई सुरक्षित गर्न सहयोग गर्ने ।

ग) कृषि क्षेत्रमा नीजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सहयोग गर्ने ।

घ) यो कोष स्थापना पश्चात कृषकको बाली तथा पशु पन्छीको क्षती भएमा क्षतीपूर्ती छिटो छरि प्राप्त गरि पुन व्यवसायलाई निरन्तरता दिने छन ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय बर्दिया गुलरिया, ५ नं. प्रदेश नेपाल

नगर प्रमुख

Scanned with CamScanner

३. कोष स्थापनाः

बारबर्दिया नगरपालिकाको आ.व. २०७७/०७८ को बार्षिक बजेटमा पहिलो पटक बालि तथा पशु बीमा घुम्ति कोष स्थापना गरि सो कोषमा रु. १०,००,०००(दश लाख) जम्मा गरिनेछ र सो कोष प्रत्येक वर्ष नियमित रुपमा नविकरण हुंदै जाने छ साथै यो कोष बालि तथा पशु पन्छीको क्षतिपूर्तिमा मात्र प्रयोग गरिने छ ।

४. बालि तथा पशु पन्छी बीमा घुम्ति कोष सन्चालन समितिको गठनः

यो कोष सन्चालनका लागि तपसिल अनुसारको एक समिति गठन गरिनेछ

क) सम्बन्धित बीमा कम्पनीको अभिकर्ता १ जना

ख)कृषि तर्फको भए कृषि शाखाको प्राविधिक १ जना

ग) पशु पन्छी तर्फको पशु सेवा शाखाको प्राबिधिक १ जना

घ) सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले खटाएको वडा सदस्य १ जना

५. बालि तथा पशु पन्छी बीमा घुम्ति कोष सन्चालन प्रक्रियाः

क)बीमा शुल्कको निर्धारण मुल्याङ्कन बालि तथा पशु पन्छी बीमा निर्देशनमा तोकिएका मापदण्ड अनुसार हुने छ ।

ख) सबै बीमाको प्रक्रिया बीमितले गरी सके पश्चात एक हप्ता भित्र क्षतीपूर्ती बापतको रकम यस कोष बाट भुत्तानी गरिने छ ।

ग) बीमितले कुनै बालि वा पशु पन्छी क्षती भएको खण्डमा २ घण्टा भित्र सम्बन्धित समितिका पदाधिकारीलाई सञ्चार माध्यम बाट जानकारी र २४ घण्टा भित्र लिखित रुपमा कार्यालयमा समेत जानकारी दिनु पर्ने छ ।

घ) बालि तथा पशु पन्छी बीमा निर्देशनमा तोकिएका मापदण्ड र नियमानुसार सबै प्रक्रिया बीमितले पुरा गर्नु पर्ने छ ।

ङ) बीमितले क्षती पूर्ती पश्चात प्राप्त गरको रकम बाली/पशु पालन प्रयोजनमा लगानि गर्नु पर्ने छ ।

च) कुनै बीमा कम्पनी वा संघ संस्थाले बाली तथा पशु पन्छीमा बीमा गरको छ भने त्यस्ता बीमा कम्पनी वा संघ संस्था र बीमितले बीमा गर्दा माथि उल्लेखित समिति संग समन्वय गरि आबस्यक बिबरणहरु बालि भए कृषि शाखामा र पशु पन्छी माछा भए पशु सेवा शाखामा पेश गर्नु पर्ने छ ।

छ)क्षतिको आबस्यक बिबरण प्राप्त भए पश्चात १ हप्ता भित्र पशुपन्छी तथा बालि बीमा घुम्ति कोष बाट बीमितलाई क्षतीपूर्ति बापतको रकम नगरपालिकाले अग्रिम रुपमा भुक्तानि गरिनेछ र बिमितले सम्बन्धित बीमा कम्पनी वा संघ / संस्थाबाट १ महिना भित्र क्षतीपूर्ति बापतको रकम प्राप्त गरेपछि सो रकम बालि तथा पशु पन्छी बीमा घुम्ति कोषमा फिर्ता जम्मा गर्नु पर्ने छ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया ५ नं. प्रदेश, नेपाल

नगर प्रमुख

Scanned with CamScanner

(ज) वालि तथा पशु बीमा घुम्ति कोष कार्यक्रम सन्चालन र कार्यान्वयन गर्न आवस्यक रकम बीमा घुम्ति कोष कार्यक्रम शिर्षक बाट खर्च गरिने छ ।

**६. कोषको खाता संचालनः**

बाली तथा पशु पन्छी विमा घुम्तीकोषको खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत बाट संचालन हुने छ ।

**७.लेखा र लेखा परिक्षणः** कोषको लेखा नेपाल सरकारको प्रचलित लेखा प्रणाली वमोजिम राखिने छ र कोषको आन्तरिक र अन्तिम लेखा परिक्षण हुने छ ।

**८. कार्यविधि हेरफेर गर्न सक्ने :**

नगरकार्यपालिकाले आवस्यकता अनुसार कार्यविधि हेरफेर तथा थप घट गर्न सक्ने छ ।

नगर प्रमुख



Scanned with CamScanner